# धितोपत्र अभौतिकीकरण कार्य संचालन निर्देशिका, २०८२

प्रस्तावना : धितोपत्र सम्बन्धी प्रचलित कानून बमोजिम धितोपत्रको अभौतिकीकरण गर्ने कार्यलाई व्यवस्थित, पारदर्शी तथा प्रभावकारी बनाउनका लागि वाञ्छनीय भएकोले धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम ३०(१) तथा धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ को विनियम ५० को अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डको स्वीकृतिमा यो निर्देशिका बनाई लागू गरिएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "धितोपत्र अभौतिकीकरण कार्य संचालन निर्देशिका, २०८२" रहेको छ ।

(२) यो निर्देशिका नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भए पश्चात संचालक समितिले तोकेको मितिबाट लागू हुनेछ ।

२. परिभाषा : (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) "अभौतिकीकरण" भन्नाले कागजी अवस्थामा रहेको भौतिक धितोपत्रलाई विद्युतीय प्रणालीमा अभिलेख राखिने (डिम्याट्) कार्यलाई सम्झनु पर्छ ।

(ख) "आइजिन" भन्नाले संगठित संस्थाले जारी गरेका धितोपत्र सम्वन्धी उपकरणलाई अन्तर्राष्ट्रिय स्तरमा परिचित गराउने धितोपत्रको अन्तर्राष्ट्रिय परिचय नम्बर (International Securities Identification Number-ISIN) लाई सम्झनु पर्दछ ।

(ग) "ऐन" भन्नाले धितोपत्र सम्वन्धी ऐन, २०६३ लाई सम्झनु पर्छ ।

(घ) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, वण्ड, डिवेञ्चर, डिवेञ्चर स्टक वा सामूहिक लगानी योजना सम्वन्धी प्रमाणपत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा वण्ड सम्झनु पर्छ र सो शब्दले धितोपत्र बजार मार्फत कारोवार हुन सक्ने वा हस्तान्तरण हुनसक्ने भनी बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय गर्न सक्ने अधिकारपत्र समेतलाई जनाउँछ ।

(ङ) "धितोपत्र बजार" भन्नाले धितोपत्र खरिदकर्ता तथा बिक्रेतालाई एकै ठाउँमा ल्याई निरन्तर रुपमा धितोपत्रको खरिद, बिक्री वा विनिमय कार्य सम्पन्न गर्ने बजार, स्थान वा सुविधा सम्झनु पर्छ।

(च) "धितोपत्रको दर्ता" भन्नाले संगठित संस्थाले सिडिएससि समक्ष गरेको धितोपत्रको दर्ता सम्झनु पर्छ।

(छ) "निर्देशिका" भन्नाले धितोपत्र अभौतिकीकरण कार्य संचालन सम्वन्धी निर्देशिका, २०८२ सम्झनु पर्छ।

(ज) "नियमावली" भन्नाले धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ सम्झनु पर्छ।

(घ) "निष्काशनकर्ता" भन्नाले धितोपत्र निष्काशन गर्ने संगठित संस्था सम्झनुपर्छ

(झ) "निष्काशन तथा विक्री प्रबन्धक" भन्नाले धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (क) बमोजिमको कार्य गर्न अनुमति प्राप्त धितोपत्र व्यवसायी सम्झनु पर्छ।

(ञ) "फायल" भन्नाले संगठित संस्थाले धितोपत्रको प्राथमिक सार्वजनिक निष्काशन गरी बाँडफाँडमा परेका हितग्राहीको खातामा जम्मा गर्नका लागि सिडिएससिको प्रणालीमा अपलोड गरिएको विवरणलाई सम्झनु पर्छ।

(ट) "बोर्ड" भन्नाले धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ।

(ठ) "रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि" भन्नाले कुनै पनि संगठित संस्थाको तर्फबाट सो संस्थाले निष्काशन गरेका धितोपत्र तथा धितोपत्रधनीहरूको अभिलेख राखी धितोपत्र हस्तान्तरण तथा फिर्ता भुक्तनी लगायतका कार्य गर्ने व्यक्ति वा संगठित संस्था सम्झनुपर्छ।

(ड) "विनियमावली" भन्नाले धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ सम्झनुपर्छ।

(ढ) "समिति" भन्नाले सिडिएससिको संचालक समितिलाई सम्झनु पर्दछ।

(ण) "संगठित संस्था" भन्नाले धितोपत्रको सार्वजनिक निष्काशन गर्न सक्ने गरी प्रचलित कानुन बमोजिम स्थापना भएको संगठित संस्था सम्झनु पर्दछ।

(त) "सार्वजनिक निष्काशन" भन्नाले संगठित संस्थाले आफ्नो धितोपत्र विक्रि गर्न सर्वसाधारण समक्ष विवरणपत्र प्रकाशन गरी राखेको प्रस्ताव सम्झनु पर्दछ।

C Chapagain

(थ) "सिडिएससि" भन्नाले नियमावलीको नियम ७ बमोजिम बोर्डबाट अनुमतिपत्र प्राप्त संस्था सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड सम्झनुपर्छ।

(द) "सूचीकृत संगठित संस्था" भन्नाले धितोपत्र बजारमा सूचीकरण गराएका संगठित संस्था सम्झनु पर्दछ।

(ध) "हितग्राही" भन्नाले निक्षेप सदस्य मार्फत केन्द्रीय निक्षेप कम्पनीमा धितोपत्र वा उपकरण निक्षेप गर्न हितग्राही खाता खोलेका तथा विद्युतीय माध्यममा निक्षेप गर्न मिल्ने धितोपत्र वा उपकरण ग्रहण गरेका व्यक्ति सम्झनुपर्छ।

(न) "हितग्राही खाता" भन्नाले हितग्राहीले धितोपत्र निक्षेप गर्न निक्षेप सदस्यमार्फत केन्द्रीय निक्षेप कम्पनीसंग बेग्लै खाता नम्बरबाट खोलेको विद्युतीय खाता (डिम्याट एकाउन्ट) सम्झनुपर्छ।

## परिच्छेद - २

## धितोपत्र अभौतिकीकरण गर्ने प्रकृया

३. अभौतिकीकरणको निवेदन पेश गर्नु पर्ने : संगठित संस्थाले धितोपत्र अभौतिकीकरणका लागि दर्ता गर्न विनियमावलीको अनुसूची-१ बमोजिमको निवेदनका साथ निर्देशिकाको अनुसूची-१ बमोजिमको मास्टर क्रिएसन फारम र अनुसूची-२ को विवरण भरी सिडिएससिमा निवेदन पेश गर्नु पर्नेछ।

४. शुल्क भुक्तानी गर्नु पर्ने : अभौतिकीकरणका लागि पेश गरेको दर्ताको निवेदनका साथ विनियमावलीको अनुसूची-२ मा तोकिए बमोजिमको शुल्क भुक्तानी गरी सोको सक्कल भौचर संलग्न गर्नु पर्नेछ।

५. थप कागजात माग गर्न सक्ने: पेश गरेका कागजात अध्ययन गरी कुनै कागजात तथा विवरण नपुग भएमा सिडिएससिले थप कागजात तथा विवरण माग गर्न सक्नेछ।

६. सम्झौताको गर्नपर्ने: यस परिच्छेद बमोजिमका कागजात पूरा भएको सामान्यतया सात कार्य दिन भित्र विनियमावलीको अनुसूची-३ बमोजिम द्विपक्षिय र अनुसूची-२६ बमोजिम त्रिपक्षिय रुपमा अभौतिकीकरणको सम्झौता गर्नु पर्नेछ।

## परिच्छेद - ३

## धितोपत्रको आइजिन दिने प्रक्रिया

७. आइजिन प्रदान गरिने: (१) अभौतिकीकरणको सम्झौता भए पश्चात धितोपत्रको निक्षेप गर्नका लागि उक्त संगठित संस्थाले जारी गरेको धितोपत्रको प्रकार अनुसार एकै प्रकारका धितोपत्र समुहलाई एउटै र फरक प्रकारका धितोपत्र समुहलाई छुट्टा छुट्टै आइजिन प्रदान गर्नु पर्नेछ ।

तर संगठित संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा संस्थापक र सर्वसाधारण समूहको शेयर छुट्टिएको अवस्थामा संस्थापक र सर्वसाधारण शेयर समुहलाई छुट्टा छुट्टै आइजिन प्रदान गर्नु पर्नेछ ।

(२) यस निर्देशिका लागु हुनु पूर्व संस्थापक र सर्वसाधारण समूहको धितोपत्रको लागि एउटै आइजिन दिई लकइन अवधिमा भएका धितोपत्र समेतलाई निर्देशिका लागु भए पश्चात फरक फरक आइजिन प्रदान गरिने छ ।

८. आइजिन प्रदान गर्ने विधि: (१) धितोपत्रको दोस्रो बजारमा कारोबार योग्य धितोपत्रको लागि धितोपत्र बजारले उपलब्ध गराएको युनिक स्टक सिम्बल र रिफरेन्स नम्बरको आधारमा सिडिएससिले विद्युतीय प्रणालीबाट आइजिन सृजना गर्नुपर्नेछ ।

तर धितोपत्रको दोस्रो बजारमा तत्काल कारोबार नहुने धितोपत्रको लागि धितोपत्र बजारले उपलब्ध गराउने युनिक स्टक सिम्बल र रिफरेन्स नम्बर आवश्यक पर्नेछैन ।

(२) धितोपत्रको लागि प्रदान गरिएको आइजिन तथा दर्ताको जानकारी संबन्धित संगठित संस्था, शेयर रजिष्ट्रार, धितोपत्र बजार र बोर्डलाई गराउनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त जानकारीको आधारमा रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि वा संगठित संस्थाले प्रचलित कानुन बमोजिम तयार गरेको विवरण रुजु पश्चात आइपिओ फायल सेटअप गरि अपलोड गरेर हितग्राहीको खातामा जम्मा गर्न सिडिएससिमा अनुरोध गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम सिडिएससिले रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिवाट प्राप्त अनुरोधका आधारमा अपलोड भएको विवरणलाई हितग्राहीको खातामा जम्मा गर्नुपर्नेछ ।

## परिच्छेद - ४

## आइजिन मिश्रण (मर्जर) प्रक्रिया

९. आइजिन मिश्रण गर्न सकिने: (१) कुनै धितोपत्रलाई फरक फरक आइजिन प्रदान गरिएकोमा त्यस्तो धितोपत्रको लागि प्रचलित कानुन बमोजिम फरक आइजिन आवश्यक नपर्ने देखिएमा सम्बन्धित

संगठित संस्थाको अनुरोधमा सिडिएससिले आवश्यकता अनुसार प्रदान गरिएको आइजिन मिश्रण ( मर्जर) गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम फरक फरक आइजिन प्रदान गरिएको धितोपत्र एउटै आइजिनमा मिसाउनु परेमा सम्बन्धित संगठित संस्थाले देहाय बमोजिमको कागज तथा प्रमाण सहित सिडिएससिमा निवेदन दिनुपर्नेछः-

(क) आइजिनमा मिसाउने सम्वन्धमा सम्वन्धित संगठित संस्थाको साधारण सभाबाट पारित गरेको निर्णयको प्रमाणित प्रतिलिपि,

(ख) धितोपत्र मिश्रण गराउने सम्वन्धमा राष्ट्रिय स्तरको दैनिक पत्रिका तथा अन्य सन्चारका माध्यममा कम्तिमा दुई पटक सूचना प्रकाशन गरेको प्रमाण,

(ग) धितोपत्र मिश्रण गराउने सम्वन्धमा बोर्डको सहमतीको प्रमाण,

(घ) धितोपत्र मिश्रण गराउने सम्वन्धमा धितोपत्र वजारलाई जानकारी गराईएको प्रमाण,

(ङ) प्रचलित कानुन बमोजिम फरक आइजिन आवश्यक नपर्ने सम्वन्धमा सम्वन्धित संगठित संस्थाको स्वघोषणा,

१०. <u>संगठित संस्थाहरु एक आपसमा गाभिई हुने आइजिनको मिश्रण:</u> संगठित संस्थाहरु एक आपसमा गाभिई (मर्जर) कायम हुने आइजिन दफा ७ बमोजिम हुने गरी सम्बन्धित धितोपत्र समूहमा राख्नु पर्नेछ।

## परिच्छेद - ५

## आइजिन छुट्याउने प्रक्रिया

११. <u>आइजिन छुट्याउने प्रक्रिया:</u> (१) कुनै धितोपत्रलाई एउटै आइजिन प्रदान गरिएकोमा त्यस्तो धितोपत्रको लागि प्रचलित कानुन बमोजिम फरक फरक आइजिन आवश्यक पर्ने देखिएमा सम्बन्धित संगठित संस्थाको अनुरोधमा सिडिएससिले आवश्यकता अनुसार प्रदान गरिएको आइजिन छुट्याई फरक फरक आइजिन प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिएका आइजिन छुट्याउनु परेमा सम्बन्धित संगठित संस्थाले देहाय बमोजिमको कागज तथा प्रमाण सहित सिडिएससिमा निवेदन दिनुपर्नेछः-

(क) आइजिन छुट्याउने सम्वन्धमा सम्वन्धित संगठित संस्थाको साधारण सभाबाट पारित गरेको निर्णयको प्रमाणित प्रतिलिपि,

(ख) धितोपत्र छुट्याउने सम्बन्धमा राष्ट्रिय स्तरको दैनिक पत्रिका तथा अन्य सञ्चारका माध्यममा कम्तिमा दुई पटक सूचना प्रकाशन गरेको प्रमाण,

(ग) धितोपत्र छुट्याउने सम्बन्धमा बोर्डको सहमतीको प्रमाण,

(घ) धितोपत्र छुट्याउने सम्वन्धमा धितोपत्र बजारलाई जानकारी गराईएको प्रमाण,

(ङ) प्रचलित कानुन बमोजिम फरक फरक आइजिन आवश्यक पर्ने सम्बन्धमा सम्वन्धित संगठित संस्थाको स्वघोषणा,

## परिच्छेद - ६

## विविध

१२. निष्काशन तथा बिक्री प्रबन्धकले पालना गर्नु पर्ने गोपनियता सम्बन्धी व्यवस्था: निष्काशन तथा बिक्री प्रवन्धकले आइजिनसंग सम्वन्धित विवरण, तथ्यांङ्क वा जानकारी नेपाल सरकार, अदालत, वोर्ड वा प्रचलित कानून अनुसार अख्तियार प्राप्त अधिकारीबाट माग भएको अवस्थामा बाहेक गोप्य राख्नु पर्नेछ ।

१३. तथ्याङ्को सुरक्षा: निष्काशन तथा विक्री प्रबन्धकले आइजिन सम्बन्धी तथ्याङ्क प्रचिलित कानुन अनुसार सुरक्षित तथा गोप्य राख्नु पर्नेछ ।

१४. विवाद समाधान तथा निर्देशिकाको व्याख्या: धितोपत्र अभौतिकीकरण तथा आइजिन सम्बन्धमा कुनै विवाद समधान र निर्देशिकाको व्याख्या गर्नुपर्ने भएमा सोको अन्तिम निर्णय बोर्डबाट हुनेछ ।

१५. यसै बमोजिम हुने: यस निर्देशिकामा अन्यथा उल्लेख भएका बाहेक साविकमा लकइन अवधि समाप्त भई मिश्रण भएका आइजिन तथा छुट्याइएका आइजिन यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।